## अनुसूचि — १

(दफा ४ तथा अनुसूचि — १ को भाग — २ सँग सम्बन्धित)

त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१ संख्याः९६ मितिः२०८२/०९/३०

## भाग - २

## त्रिवेणी गाउँपालिका

# आधारभुत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२

आज्ञाले,

नामः यज्ञ बहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

## आधारभुत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२

**प्रमाणिकरण मितिः२०८२/०९/२५**

**प्रकाशन मितिः२०८२/०९/३०**

**प्रस्तावनाः**

त्रिवेणी गाउँपालिका भित्र स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बञ्चित हुने अवस्था आउन नदिन उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गर्दै नेपालको संविधानले स्थानीय तहलाई प्रत्याभुत गरेको स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न, गाउँपालिकाबाट उपलब्ध हुने आधारभूत स्वास्थ्य सेवा लगायतको स्वास्थ्य सेवालाई सहज, प्रभावकारी, व्यवस्थित र गुणस्तरिय बनाउन, गाउँपालिकाले स्थापना गरेको आधारभुत अस्पताल संचालन तथा ब्यवस्थापन गर्न वाञ्छनीय भएकाले गाउँपालिकाको स्थानीय स्वास्थ्य सेवा ऐन, २०७७ को दफा १२ उपदफा १ बमोजिम त्रिवेणी गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद- १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम त्रिवेणी गाउँपालिकाको "आधारभुत अस्पताल संचालन तथा व्यवस्थापन कार्यबिधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क)** "**कार्यपालिका**" भन्नाले त्रिवेणी गाउँपालिकाको गाउँकार्यपालिका सम्झनु पर्छ।

**(ख)** "**गाउँपालिका**" भन्नाले त्रिवेणी गाउँपालिका सम्झनु पर्छ।

**(ग)** "**अध्यक्ष**" भन्नाले त्रिवेणी गाउँपालिकाका पालिका अध्यक्षलाई सम्झनुपर्छ।

**(घ)** "**उपाध्यक्ष**" भन्नाले त्रिवेणी गाउँपालिकाका उपाध्यलाई सम्झनुपर्छ।

**(ङ)** "**अस्पताल अध्यक्ष**" भन्नाले अस्पताल संचालक तथा व्यवस्थापन समितिको अध्यक्ष सम्झनुपर्छ।

**(च)** "**अस्पताल प्रमुख**" भन्नाले अस्पतालमा कार्यरत चिकित्सक मध्ये गाउँपालिकाको कार्यालयले तोकेको चिकित्सकलाई सम्झनुपर्छ।

**(छ)** "**ऐन**" भन्नाले त्रिवेणी गाउँपालिकाका को "स्थानीय स्वास्थ्य सेवा ऐन, **२०७७**" लाई सम्झनुपर्छ।

**(ज)** "**अस्पताल**" भन्नाले त्रिवेणी गाउँपालिकाकाले संचालन गरेको त्रिवेणी आधारभुत अस्पताललाई सम्झनुपर्छ।

**(झ)** "**कार्यविधि**" भन्नाले आधारभुत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२ सम्झनुपर्छ।

**(ञ) "व्यवस्थापक"** भन्नाले अधिकृत स्तरको स्थायी कर्मचारी मध्यबाट गाउँपालिकाले तोकेको कर्मचारीलाई सम्झनुपर्छ ।

**(ट) "चिकित्सक तथा स्वास्थ्यकर्मी"** भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानून बमोजिम सम्वन्धित परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ ।

**(ठ) "गाउँपालिका क्षेत्र"** भन्नाले त्रिवेणी गाउँपालिकाको भू-भाग सम्झनुपर्छ ।

**(ड) "पदाधिकारी"** भन्नाले व्यवस्थापन समिति संरक्षक,अध्यक्ष र सदस्य लगायतका पदाधिकारी सम्झनुपर्छ ।

**(ढ) "समिति"** भन्नाले दफा ३ बमोजिम गठित आधारभुत अस्पताल संचालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

**(ण) "शाखा"** भन्नाले गाउँपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्छ ।

## परिच्छेद - २

## <u>अस्पताल व्यवस्थापन समितिको गठन तथा संचालन</u>

३. **<u>समितिको गठनः</u>**

(१) अस्पताल संचालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ ।

(क) गाउँपालिका अध्यक्षले तोकेको व्यक्ति - अध्यक्ष

(ख) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) अस्पताल रहेको वडाको वडा अध्यक्ष - सदस्य

(घ) सामाजिक विकास समिति संयोजक - सदस्य

(ङ) अस्पताल प्रमुख - सदस्य

(च) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य

(छ) स्वास्थ्य क्षेत्रमा कृयाशील स्थानीय स्वास्थ्य क्षेत्रको विज्ञ मध्य गाउँपालिका अध्यक्षबाट मनोनित - सदस्य

(च) गाउँपालिका भित्रका राष्ट्रिय सामुदायिक महिला स्वास्थ्य स्वयम सेविका मध्य अध्यक्षबाट मनोनित एक जना - सदस्य

(छ) अस्पतालको व्यवस्थापक - सदस्य सचिव

(व्यवस्थापक रिक्त भएको अवस्थामा कार्यालय प्रमुखले नै सदस्य सचिवको रुपमा कार्य गर्नेछ । )

(२) समितिले आवश्यकता अनुसार स्वास्थ्य क्षेत्रका विषय विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

४.**<u>काम, कर्तव्य र अधिकार:</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(१) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा प्रवाह र न्यूनतम सेवा मापदण्ड कार्यान्वयनको सुनिस्चितता गराउने ।

(२) अस्पताबाट गुणस्तरिय, प्रभावकारी एवं दीगो सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको उन्नती र विकासको

सन्दर्भमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा र निर्णय गरी कार्यान्वयन गर्ने ।

(३) अस्पतालको नियमित संचालन र व्यवस्थापनको लागि आवश्यक श्रोत साधन जुटाउन पहल गर्ने, वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने ।

(४) अस्पतालबाट प्रवाह भएका सेवाहरुको नियमित अनुगमन र समिक्षा गरी सेवाको निरन्तर रुपमा गुणस्तर अभिवृद्धि गर्न आवश्यक निर्णय लिने ।

(५) स्वास्थ्य सेवा तथा सुविधा सम्वन्धी राष्ट्रिय मापदण्ड कार्यान्वयनको सुनिस्चितताको लागि आवस्यक प्रवन्ध मिलाउने छ ।

(६) अस्पतालमा कार्यरत जनशक्तिको उपलब्धता, क्षमता विकास र वृत्ति विकासको लागि आवस्यक कार्य गर्ने ।

(७) साथै अस्पतालको जनशक्तिको सेवा, शर्त, पारिश्रमिक र अन्य सुविधाहरुका सम्बन्धमा कार्यपालिकालाई सिफारिस गर्ने ।

(८) सर्वसुलभ र गुणस्तरिय स्वास्थ्य सेवाको पहुँच र उपलब्धता सुनिस्चित गराउनका लागि आवस्यक मानव श्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने, सेवा प्रदायक र स्वास्थ्यकर्मीलाई सहज रुपमा कार्य गर्न अनुकुल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

(९) स्थानीय समुदायलाई स्वास्थ्य सेवाको पहुँचको सुनिस्चितता गर्न आवस्यक कार्यहरु गर्ने ।

(१०) भौगोलिक क्षेत्र, अल्पसंख्यक, आदिवासी जनजाति, जेष्ठ नागरिक, विपन्न वर्ग, अपांगता भएका, बालबालिका, किशोर किशोरी, महिला समूह समेतलाई मध्येनजर राखी अस्पतालको प्राथमिकता र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(११) स्वास्थ्य बीमा कार्यक्रम, खोप कार्यक्रम, बाल स्वास्थ्य तथा मातृशिशु सुरक्षा कार्यक्रम जस्ता राष्ट्रिय अभियान तथा कार्यक्रमहरुको कार्यान्वयनको आवस्यक प्रबन्ध गर्ने ।

(१२) अति विपन्न, असहाय तथा अपांगता भएका व्यक्तिहरुलाई निशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्न आवस्यक प्रवन्ध गर्ने ।

(१३) अस्पतालको भौतिक सम्पत्तिको एकिन तथ्यांक अध्यावधिक गर्न एवं सम्पत्तिको संरक्षण तथा मर्मत संभारको ब्यवस्थापन गर्ने ।

(१४) अस्पतालबाट दिइने सेवाको लक्ष्य अनुसार प्रगति भए नभएको अनुगमन गर्ने ।

(१५) स्वास्थ्य सेवामा सुशासन, जनसहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित, सेवा ग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग तथा सहजिकरण गर्ने ।

(१६) अस्पतालले लिने सेवा शुल्क निर्धारण गर्नका लागि गाउँपालिकालाई सिफारिस गर्ने ।

(१७) अस्पतालको विकासका लागि आर्थिक तथा अन्य सहयोग जुटाउन सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

(१८) अस्पताल सञ्चालनको लागि गाउँपालिकले दिएका निर्देशनहरु र स्वीकृत कार्यक्रमको कार्यान्वयन गर्ने ।

(१९) अस्पताबाट सेवा प्रवाहको क्रममा आएका गुनासोहरुको उचित सम्बोधन र ब्यवस्थापन गर्ने।

(२०) प्रचलित कानुन वमोजिम निर्धारण गरिएका स्वास्थ्य सेवाको कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहयोग गर्ने।

(२१) संघ, प्रदेश र स्थानीय सरकारवाट संचालित गरेका स्वास्थ्य सम्बन्धि कार्यक्रममा तथा अभियानहरु संचालन गर्ने।

(२२) गाउँपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने।

**५. <u>समितिको बैठक र संचालन विधिः</u>** (१) समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले कम्तिमा दुई महिनाको एक पटक समितिको बैठक बोलाउनु पर्नेछ। तर, आवस्यकता अनुसार जुनसुकै अवस्थामा पनि बैठक बस्ने सक्नेछ।

(२) समितिका कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागी गणपूरक संख्या पुगेको मानिनेछ।

(३) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(५) बैठकको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ।

(६) समितिको बैठक सम्बन्धि अन्य कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद- ३

## <u>कोष तथा लेखा परिक्षण</u>

**६.<u>अस्पतालको कोषः</u>** (१) अस्पताल संचालन तथा ब्यवस्थापन समितिको नाममा छुट्टै मुल, चालु कोष रहनेछ।

(२) उप दफा (१) बमोजिम कोषमा देहायका रकमहरु रहनेछन।

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान सहायता रकम।

(ख) गाउँपालिकाबाट प्राप्त रकम।

(ग) अस्पतालले संचालन गरेको सेवा बापत रकम।

(घ) कुनै बिदेशी सरकार,व्यक्ति वा अन्तराष्ट्रिय व्यक्ति वा संस्थाले दिएको चन्दा र वस्तुगत प्राप्त रकम।

(ङ) व्यवस्थापन समितिको पहलबाट प्राप्त रकम।

(च) वैदेशिक अनुदान, संघ संस्था वा व्यक्तिवाट प्राप्त अनुदान र सहयोग रकम।

(छ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को (च) बमोजिमको रकम प्राप्त गर्नु अगाडी प्रचलित कानून बमोजिम गाउँपालिका वा सम्बन्धित निकाएको स्विकृति लिनुपर्नेछ।

(४) अस्पताललाई प्राप्त हुने सबै प्रकारका आम्दानी उपदफा (१) बमोजिमको मुल कोष खातामा जम्मा गर्नुपर्नेछ।

(५) अस्पताल व्यवस्थापन समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको चालु कोषबाट हुनेछ।

(६) समितिले अस्पतालको नियमित स्वास्थ्य सेवा प्रवाह र जनस्वास्थ्यका प्रचलित मापदण्ड एवं मूल्य मान्यता प्रतिकुल नहुने कुराको सुनिश्चत गरी आन्तरिक स्रोत साधन व्यवस्थापन गर्न अस्पताको भौतिक सम्पत्तिको सदुपयोग गर्न सक्नेछ।

७. **कोष संचालन तथा खर्चः** (१) अस्पतालको खाता संचालन अस्पताल व्यवस्थापन समिती अध्यक्ष र व्यवस्थापक (सदस्य सचिव) को संयुक्त दस्तखत हुनेछ।

(२) अस्पतालको आय व्ययको लेखा महालेखा परिक्षकको कार्यालयले निर्धारण गरेको ढाँचा बमोजिम हुनेछ।

(३) कोषको खाता संचालन समितिले निर्णय गरे बमोजिम सरकारी कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको बैंक हुनेछ।

(४) अस्पतालको आर्थिक कारोबारको उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता आर्थिक कारोबारको निर्णयकर्ता र सम्वन्धित खाता सञ्चालन गर्न अधिकार प्राप्त कर्मचारीको हुनेछ।

(५) कोषको रकम खर्च गर्दा सार्बजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम गर्नु पर्नेछ।

८. **लेखा परिक्षणः** (१) आन्तरिक लेखा परिक्षण गाउँपालिकाको आन्तरिक लेखा परिक्षण शाखावाट हुनेछ।

(२) कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको कार्यलयबाट तोकेको लेखापरिक्षक बाट हुनेछ।

९. **सेवा शुल्क सम्वन्धि व्यवस्थाः** अस्पतालबाट प्रदान गरिने सेवाको आवस्यक शुल्क समितिको सिफारिसमा गाउँपालिकाले स्वीकृत गरे बमोजिम हुनेछ।

तर, निःशुल्क भनि तोकिएका सेवाको शुल्क लिन पाइनेछैन।

## परिच्छेद-४

## जनशक्ति, औषधी तथा उपकरणको व्यवस्थापन

१०. **जनशक्ति व्यवस्थापनः** (१) अस्पतालमा नेपाल सरकार,प्रदेश सरकार र गाउँपालिकाले दरवन्दी स्वीकृत गरे अनुसारको देहाय बमोजिमका कर्मचारीको व्यवस्था हुनेछ।

(क) स्थायीः नेपाल सरकारको स्वास्थ्य सेवावाट समायोजन भइ आएका स्वास्थ्य जनशक्ति र लोकसेवा आयोगबाट पदपुर्ति हुने स्थायी जनशक्ति,

(ख) करारः करार सेवामा भर्ना गरिएका जनशक्ति,

(ग) ज्यालादारीः गाउँपालिकावाट निश्चित कामको लागि निश्चित अवधि तोकी दैनिक/मासिक ज्यालादारीमा काममा लगाईएका कर्मचारी।

(२) अस्पतालमा कार्यरत कर्मचारीहरुलाई समितिको आर्थिक सक्षमता भएको अवस्थामा थप सुविधाको व्यवस्था गर्न सक्नेछ।

(३) नियमित सेवा बाहेक थप स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरुलाई समितिले निर्णयानुसार थप सुविधा उपलब्ध गराउन सक्नेछ।

(४) समितिले गाउँपालिकासँग समन्वय गरी सरकारी, निजि तथा गैरसरकारी स्वास्थ्य संस्थासँगको साझेदारीमा सेवा करारमार्फत पनि जनशक्ति व्यवस्थापन गर्न सक्नेछ ।

११. **अभ्यासकर्ता सम्वन्धी व्यवस्थाः** अस्पतालमा मान्यता प्राप्त शिक्षण संस्थामा अध्ययनरत विद्यार्थिहरुलाई OJT or **Internship** गर्न अस्पतालले प्रचलित कानून बमोजिम र समितिले तोकेको शुल्क लिई अभ्यासकर्ताको रुपमा नियमानुसार काममा लगाउन सक्नेछ ।

१२. **कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सेवा सुविधाः** कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको सम्पूर्ण सेवा, सुविधा, अतिरिक्त समय, रात्रिकालिन सेवा, जोखिम भत्ता तथा सट्टा विदा प्रचलित कानुन बमोजिम तथा समितिले तोके बमोजिम हुनेछ ।

१३. **अस्पताल प्रमुखको काम कर्तव्य र अधिकारः**

(१) अस्पतालको कार्यालय प्रमुख भई कामकाज गर्ने

(२) अस्पताल व्यवस्थापन समितिको अधिनमा रहि प्रचलित कानुन वमोजिम जारी गरिएका आधारभुत स्वास्थ्य सेवा तथा आवस्यकता अनुसार विशेषज्ञ सेवा प्रवाह गर्न न्यनतम सेवा मापदण्डलाई कार्यान्वयन गर्ने र अस्पतालको दैनिक सेवा सञ्चालन गर्ने ।

(क) अस्पताल सञ्चालनका लागि सरकारी तथा गैरसरकारी सस्थाहरुसँग समन्वय गर्ने ।

(ख) अस्पताल सञ्चालनका लागि वार्षिक बजेट, कार्यक्रम तयार गरी समितिमा पेश गर्ने ।

(३) अस्पतालको गुणस्तर कायम राख्न, क्षमता अभिबृद्दि गर्न, स्तर उन्नति गर्न तथा अन्य आवस्यक कार्यहरु गर्न समितिले तोके बमोजिम गर्ने ।

(४) समितिको निर्णय कार्यान्वयन गर्ने ।

१४. **ब्यवस्थापकको काम कर्तव्य र अधिकारः**

(१) समितिको सदस्य सचिवको रुपमा काम गर्ने ।

(२) अस्पतालको दैनिक सेवा सञ्चालन गर्न गाउँपालिका तथा अन्य निकायहरुसँग समन्वय गर्ने ।

(३) समितिको निर्णय निर्देशन कार्यान्वयन गराउने ।

(४) अस्पताल सञ्चालनका लागि वार्षिक बजेट, कार्यक्रम तयार गर्न अस्पताल प्रमुखलाई सहयोग गर्ने ।

(५) अस्पतालको जिन्सी तथा अन्य सम्पत्तिको रेखदेख गर्ने गराउने ।

(६) अस्पतालको आर्थिक तथा प्रशासनिक कार्य गर्ने साथै अस्पताल प्रमुखसँग समन्वय गरि अस्पतालका कर्मचारीहरुको ७ दिन सम्मको बिदा स्वकृत गर्ने।

(७) अस्पतालमा संचालित सेवा तथा विभागहरुको अनुगमन तथा निरीक्षण गरी समिति र अस्पताल प्रमुखलाई प्रगति प्रतिवेदन पेश गर्ने ।

(८) गाउँपालिका, समिति र अस्पताल प्रमुखले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

१६. <u>औषधी खरीद, भण्डारण तथा वितरणः</u>

(१) गाउँपालिकाबाट निःशुल्क वितरण गर्ने औषधी तथा अस्पताल फार्मेसीबाट विक्रि वितरण गर्ने औषधी अपर्याप्त भई तत्काल आवस्यक भएमा गाउँपालिका सँगको समन्वयमा अस्पतालले आवस्यक औषधी खरिद गर्न सक्नेछ।

(२) अस्पतालले वार्षिक रुपमा आवस्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान गरी वार्षिक खरिद योजना गाउँपालिकामा पेश गर्नु पर्नेछ।

(३) अस्पतालले निःशुल्क उपलब्ध गराउने औषधी नियमित रुपमा उपलब्धताको व्यवस्था गाउँपालिकाले गर्नेछ।

(४) अस्पतालले अस्पतालमा आउने बिरामीको संख्या तथा रोगको आधारमा औषधीको माग तथा आपुर्तिको नियमित सन्तुलनको व्यवस्था मिलाउनु पर्नेछ।

(५) औषधीको नष्ट हुनवाट बचाउन तथा गुणस्तर कायम गर्न नेपाल सरकारले तोकेको मापदण्ड अनुसार औषधी भण्डारण गर्नुपर्नेछ।

(६) औषधी वितरण गर्दा औषधी विक्रि वितरण सम्वन्धी सहिंता र औषधी सम्वन्धी प्रचलित कानूनको पालना गर्नुपर्नेछ।

(७) अस्पतालले आपुर्ति व्यवस्थापन सूचना प्रणालीमा नियमित रुपमा औषधी उपकरणको विवरण पठाउनुपर्नेछ।

१७. <u>फार्मेसी संचालन गर्नेः</u>

(१) निःशुल्क औषधी वितरण तथा अस्पतालमा आवस्यक औषधी विक्रि वितरण गर्न अस्पतालले आफ्नै फार्मेसी संचालन गर्नेछ।

(२) फार्मेसी मार्फत विक्रि वितरण गर्ने औषधीको व्यवस्थापन गाउँपालिकाको समन्वयमा अस्पतालले गर्नेछ।

(३) फार्मेसी संचालन सम्वन्धी अन्य ब्यवस्था प्रचलित कानून र फार्मेसी संचालन निर्देशिका बमोजिम हुनेछ।

१८. <u>एम्बुलेन्स संचालनः</u>

(१) अस्पतालले गाउँपालिकाबाट प्राप्त वा अन्य संघ संस्थाको सहयोग र साझेदारीमा एम्बुलेन्स सेवा संचालन गर्न सक्नेछ।

(२) एम्बुलेन्स संचालन सम्वन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

१९. <u>स्वास्थ्य सेवा व्यवस्थापनः</u>

(१) अस्पतालले २४ सै घन्टा आकस्मिक सेवा प्रदान गर्नेछ।

(२) अस्पतालमा संभव उपचार तत्काल गरी थप उपचार आवश्यक भएमा उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नुपर्नेछ।

अस्पतालले प्रदान गर्ने आकस्मिक स्वास्थ्य सेवाको विवरण सम्वन्धित स्वास्थ्यकर्मीको जिम्मेवारी र कर्तव्य समेत खुल्ने गरी आकस्मिक उपचार कक्षमा सबैले देखे ठाउँमा राखुपर्नेछ।

(३) अस्पताललले प्रदान गरेको सेवा मध्ये आधारभूत स्वास्थ्य सेवाभित्र पर्ने आकस्मिक उपचार निःशुल्क उपलब्ध गराउनु पर्नेछ र आधारभूत सेवा वाहेकका आकस्मिक उपचारको खर्चको ब्यवस्थापन स्वास्थ्य बीमा भएको हकमा सोही बीमाबाट र बीमा नभएको वा बीमा रकमले नपुगेको अवस्थामा सम्वन्धित व्यक्ति, निजको अभिभावक, परिवारका सदस्य, संरक्षक वा संरक्षकत्व गरिरहेको व्यक्तिले व्यहोर्नु पर्नेछ।

(४) अस्पतालमा कसैलाई पनि आकस्मिक उपचार सेवाबाट बञ्चित गरिनेछैन। अति विपन्न, वेवारिसे, तत्काल संरक्षक र अभिभावक नभएका सेवाग्रहीलाई अस्पतालको मुल कोषवाट खर्च व्यहोर्ने गरी आकस्मिक सेवा उपलब्ध गराउनु पर्नेछ। र सो को सोध भर्ना गाउँपालिकावाट हुनेछ।

(५) अस्पताललले नेपाल सरकारबाट संचालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

(६) अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण रोकथाम र नियन्त्रणको व्यवस्था हुनेछ र सोको नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनेछ। सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाको लागि विभिन्न सरुवा रोग विरुद्धको खोप तथा व्यक्तिगत सुरक्षा सामाग्री व्यवस्था गर्नुपर्नेछ।

(७) स्वास्थ्य सेवा संचालन र पुर्वाधार सम्वन्धी अन्य व्यवस्था प्रचलित कानून, स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड र प्रोटोकल बमोजिम गर्नुपर्नेछ।

(८) उपचारको लागि आएको बिरामीलाई उपयुक्त कारणले उपचार गर्न नसकिने अवस्था भएमा अस्पतालले अस्पतालमा उपलब्ध भएको सेवा प्रदान गरि थप उपचारको लागि तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ। अस्पतालमा उक्त सेवा, जनशक्ति र उपचार हुन सक्ने अवस्था हुँदा हुँदै प्रेषण गर्न पाइने छैन।

(९) अस्पतालले प्रेषण गर्ने संस्थाहरुको पूर्व पहिचान गरी सो को अध्यावधिक सूची राख्नु पर्दछ र प्रेषण गर्दा तत्काल सेवाको सुनिश्चितता गरेर मात्र पठाउनु पर्नेछ।

(१०) अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्रहिको इच्छा बमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न बाधा पुग्ने छैन।

## परिच्छेद-५

## विविध

२०. **अस्पतालको संगठन संरचनाः** अस्पतालको आफ्नै सङ्गठन संरचना हुनेछ। सङ्गठन संरचना प्रचलित कानून बमोजिम गाउँपालिकाबाट स्वीकृत भए अनुसार हुनेछ।

२१. **साझेदारी गर्न सक्नेः** अस्पतालको सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन अस्पतालको स्तरोन्नती सरसफाई तथा फोहोर व्यवस्थापन, क्यान्टिन, सुरक्षा व्यवस्था, लन्ड्री, एम्बुलेन्स तथा शव वाहन सेवा लगायतका ब्यवस्थापन गर्न र विशेषज्ञ सेवा संचालन गर्न गाउपालिकासँग समन्वय गरी आवश्यकता अनुसार प्रचलित कानून बमोजिम सामुदायिक, सरकारी, निजि तथा गैरसरकारी निकाय वा संस्थासँग अस्पतालले सम्झौता वा साझेदारी गर्न सक्नेछ।

२२. **वार्षिक प्रतिवेदन पेश गर्ने:** समितिले वर्षभरीको काम कारवाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र समिक्षा गरी गाउँकार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

२३. **निर्देशन पालना गर्नुपर्ने:** गाउँपालिकाले दिएका निर्देशनहरुको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

२४. **गाउँपालिकालाई आर्थिक दायित्व सृजना गर्न नहुने:** गाउँपालिकाको स्वीकृति बिना समितिले गाउँपालिकालाई थप आर्थिक भार पर्ने गरी दायित्व सृजना गर्न पाइने छैन ।

२५. **अधिकार प्रत्यायोजन गर्न सक्ने:** समितिले आफूलाई प्राप्त अधिकारहरुमध्ये आवश्यकता अनुसार केहि अधिकार अध्यक्ष र सदस्य सचिव एवं कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२६. **कार्यविधिको पालना गर्नुपर्ने:** यस कार्यविधिको पालना गर्नु गाउँपालिकावाट संचालित आधारभुत अस्पतालको दायित्व हुनेछ ।

२७. **व्याख्या गर्ने अधिकार:** यस कार्यविधिमा उल्लिखित कुनै प्रावधानको कार्यान्वयनमा समस्या उत्पन्न भएमा गाउँ कार्यपालिकाले सोको व्याख्या गर्नेछ ।

२८. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएमा विषयहरु यसै कार्यविधि बमोजिम र यसमा उल्लेख नभएका अन्य कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

२९. **संसोधन गर्नुपरेमा:** यस कार्यविधिमा उल्लेख भएका विषयहरुको संसोधन गर्नु परेमा कार्यपालिकाबाट संसोधन हुनेछ ।